सुशासन र रोजगारी समाजवादको तयारी
राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी

# नेपाली कम्युनिष्ट पार्टी

## प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को

# प्रतिवद्धता पत्र

प्युठान



## कृष्ण ध्वज खड्का

### प्रत्यक्ष तर्फका उम्मेदवार

## आदरणीय प्युठानवासी दाजुभाई दिदीबहिनीहरू।

सर्वप्रथम जनयुद्ध, जनआन्दोलन, जेनजी विद्रोह लगायतका विभिन्न संघर्षहरूमा आफ्नो जीवन बलिदान गर्ने महान सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। घाइते तथा वेपत्ता योद्धाहरू प्रती उच्च सम्मान प्रकट गर्दछौं।

देशको विशिष्ट परिस्थितिमा यही २०८२ फाल्गुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुँदैछ। हाम्रो पार्टीका संयोजक कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रणका लागि काम गर्दै गर्दा तत्कालीन प्रतिनिधिसभाका दुई ठुला दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले)ले संविधान संशोधन, स्थिरता र विकासको दुहाई दिदै सरकार बनाएपछि जनतामा असन्तोष र आक्रोश बढ्दै गयो। यो सरकार बनेपछी प्रचण्ड नेतृत्वको सरकारले गरेका भ्रष्टाचारी विरूद्धको कार्बाही श्रृङ्खलामा ब्रेक लाग्ने मात्रै होइन दलाल र बिचौलियाहरूको स्वार्थ अनुकुल शासन सञ्चालन गर्दै जाँदा जनताको असन्तुष्टि जेनजी विद्रोहको रूपमा विष्फोट भयो। मुलुकमा भ्रष्ट्राचार अन्त्य र सुशासन स्थापना गर्ने पवित्र उद्देश्यका साथ नौजवानहरूले गत भाद्र २३ र २४ गते जेनजी विद्रोहको पृष्ठभुमिमा हुनलागेको यो चुनाव रूपमा बिगतको जस्तै भएपनि सारभुत रूपमा विशिस्ट महत्वको रहेको छ। त्यसैले फाल्गुन २१ को निर्वाचनमा प्रतिक्रियावादी, यथास्थितिवादी,जेनजी आन्दोलनलाई हाइज्याक गर्ने लोकपृयतावादी र क्रान्तिकारी शक्तिहरूका नियत र एजेन्डालाई जनताले सही रूपमा बुझेर मतदान गर्नुपर्ने अवस्था सृजना भएको छ।

विकेन्द्रीत अवस्थामा रहेका २२ वटा वामपन्थी, प्रगतिशील, देशभक्त र गणतान्त्रिक शक्तिहरू एकतावद्द भई नेपाली कम्युनिस्ट पार्टी निर्माण भएको छ। देशमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशीता जस्ता उपलब्धिहरूलाई संस्थागत गर्ने प्रमुख शक्ति नेपाली कम्युनिस्ट पार्टीले अब मुलुकलाई सुशासन, सामाजिक न्याय र समृद्धि सहितको समाजवादको यात्रामा नेतृत्व गर्ने संकल्पका साथ 'तारा' चुनाव चिन्ह लिएर निर्वाचनमा सहभागी भएको छ। हाम्रो पार्टीले प्युठान जिल्लाको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष तर्फ प्रभावशाली केन्द्रीय नेता कमरेड कृष्ण ध्वज खड्का र समानुपातिक तर्फ महिला नेतृ कमरेड उमाकुमारी शर्मालाई उम्मेदवार बनाएको छ। जनयुद्ध, जनआन्दोलन र जेनजी विद्रोहको भावनालाई सम्मान गर्दै प्युठान जिल्लाको समग्र विकासका लागि प्रत्यक्ष तर्फ कमरेड कृष्ण ध्वज खड्का र समानुपातिक तर्फ कमरेड उमाकुमारी शर्मालाई तारा चिन्हमा मतदान गरी विजय गराउनुहुन सम्पूर्ण प्युठानी आमाबुबा दिदीबहिनी तथा दाजुभाईमा हार्दिक अपिल गर्दछौँ। सुशासन, सामाजिक न्याय र समृद्ध प्युठान निर्माणका लागि हाम्रो पार्टीको तर्फबाट जारी केन्द्रीय प्रतिवद्धतापत्रका साथै प्युठान जिल्लामा पार्टीका उम्मेदवारहरूको तर्फबाट यो प्रतिबद्धता पत्र लिएर तपाईं माझ आएका छौं।

### १) यातायात पुर्बाधार

- ★ भालुवाङ्ग बाट डेढ घण्टामै सदरमुकाम खलङ्गा पुग्नेगरि भालुवाङ्ग–प्युठान सडकलाई डबललेनमा स्तरउन्नती गरिनेछ।
- ★ ६४ वटै वडाका केन्द्रहरूमा पुग्ने सडक ग्राबेल र कालोपत्रे गरिनेछ।
- ★ बाग्दुलादेखि पुष्पलाल लोकमार्ग जोड्ने सडकलाई संघीय बजेटबाट सम्पन्न गरिनेछ।
- ★ गाउँपालिका केन्द्र र वडाका केन्द्रहरूमा बाह्रै महिना सडक सुचारू गर्न सडकहरूको स्तरउन्नती र कालोपत्रे र आवश्यक सडक पुलहरू निर्माण गरिनेछ।
- ★ अन्तरजिल्ला जोड्ने सडकहरू स्तरउन्नती र कालोपत्रे गरिनेछ, साथै ट्रयाक ओपन गर्न बाँकी रहेका सडकहरूको निर्माण कार्य सम्पन्न गरिनेछ।

- ★ प्युठान जिल्ला भएर जाने मदन भण्डारी राष्ट्रिय लोकमार्ग र इच्छुक आश्रीत प्रादेशिक लोकमार्गको कामलाई छिटो सम्पन्न गरिनेछ।
- ★ बाग्दुला–बाहाने–स्याउलीवाङ्ग सडक स्तरउन्नती गरी कालोपत्रे गरिनेछ।

## २) शिक्षा, विज्ञान प्रविधि

- ★ स्वर्गद्वारी बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको आङ्गिक क्याम्पस बनाई गुणस्तरीय उच्च शैक्षिक जनशक्ति उत्पादनको थलो बनाइनेछ।
- ★ प्राविधिक उच्च शिक्षाका लागि प्युठानमा एक सुबिधायुक्त बहुप्राबिधिक कलेज स्थापना गरिनेछ।
- ★ प्रत्येक पालिकामा एक-एक वटा प्राविधिक धारको व्यावसायीक शिक्षा सहितको नमुना स्मार्ट विद्यालयहरू सञ्चालन गरिनेछ।
- ★ शिक्षकहरूको सेवासुबिधालाई निजामती कर्मचारी सरह बनाउन आवश्यक पहल गरिनेछ।
- ★ सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार गर्न आवश्यकता अनुसारको दरबन्दी, विषय शिक्षक व्यबस्था गरी योजनावद्द काम गरिनेछ।
- ★ २५० जनाभन्दा बढी विद्यार्थीहरू अध्ययन गर्ने सामुदायिक विद्यालयहरूमा स्मार्ट शौचालय व्यवस्थापनको नीति कार्यान्वयन गरिनेछ।
- ★ अध्ययन अध्यापन कार्यमा सूचना प्रविधिको प्रयोग गर्ने व्यवस्था गरिनेछ।
- ★ विद्यालय देखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित शिक्षालाई व्यवहारीक र अनुसन्धानमुखी बनाउन पहल गरिनेछ।
- ★ शिक्षण सिकाई प्रक्रियामा समयानुकूल AI को प्रयोग गर्ने व्यवस्था गरिनेछ। सबै माध्यमिक विद्यालयहरूमा व्यवस्थित विज्ञान प्रयोगशाला स्थापना गरिनेछ भने सूचना प्रविधि विषयको अध्यापन गराउने व्यवस्था मिलाइनेछ।

## ३) स्वास्थ्य

- ★ प्युठान अस्पतालको भवन निर्माण सम्पन्न गरी शैया थप गरिनेछ, साथै सबै प्रकारका रोगहरूको २४ सै घण्टा विशेषज्ञ चिकित्सकीय सेवा प्रदान गरिनेछ।
- ★ स्थानीय पालिकाहरूसंगको समन्वयमा आधारभुत अस्पतालहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरी निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ।
- ★ जिल्लामा एक आयुर्वेद तथा प्राकृतिक उपचार केन्द्र स्थापना गरिनेछ।
- ★ स्वर्गद्वारी र मल्लरानीमा मेडिटेसन सेन्टर र प्रत्येक स्थानीय तहमा योग तथा ध्यानकेन्द्रहरू स्थापना गरिनेछ।
- ★ स्वास्थ्य बिमा कार्यक्रमलाई नागरिकमैत्री बनाई प्रभावकारी बनाइनेछ। अपाङ्ग, जेष्ठ नागरिक, अति विपन्न तथा सीमान्तकृत नागरिकलाई निःशुल्क स्वास्थ्य बिमाको प्रबन्ध गरिनेछ।
- ★ मृगौला डायलासीस, CT SCAN, MRI लगायतका अत्याधुनिक सेवाहरू प्युठान अस्पतालमा सञ्चालन गरिनेछ।

## ४) कृषि र पशुपालन

- ★ कृषिको व्यावसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र बजारीकरणको माध्यमबाट प्युठान जिल्लालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाइनेछ।
- ★ जिल्लाको समथर क्षेत्रमा माछापालन र कुखुरापालन, चुरे तथा महाभारत क्षेत्रमा बाख्रापालन तथा उच्च पहाडी क्षेत्रमा भेडापालनलाई व्यावसायीकरण गरिनेछ।
- ★ प्युठानी मुलाको व्यावसायीक खेती गरी राष्ट्रिय रूपमा ब्राण्डिङ्ग गरिनेछ।

- ★ विभिन्न रैथाने बालीहरूको संरक्षण गर्न बीउ बैंकको स्थापना गरिनेछ।
- ★ प्युठानमा उत्पादन हुने मह, अदुवा र बेसारलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा बजारीकरण गरिनेछ।
- ★ आलु, किवी, सुन्तला, अम्बा, कागती, कफी, अलैंची, केरा, कोदो, फापर आदिको पकेट क्षेत्र निर्माण गरी व्यवस्थीत उत्पादन र बजारीकरण गरिनेछ।
- ★ व्यावसायीक तथा सामुहिक खेतीप्रणाली, उन्नत प्रविधि, उत्पादन वृद्धि र बजारको सुनिश्चितताका लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- ★ प्रत्येक वडामा नमुना कृषि फर्म र कृषि सिकाइ केन्द्रहरूको स्थापना गरिनेछ।
- ★ जिल्लामा प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना गरिनेछ।
- ★ किसान वर्गीकरण, किसान परिचयपत्र, किसान पेन्सन र कृषि बिमाको व्यवस्था गरी कृषि क्षेत्रमा आकर्षण बढाइनेछ।
- ★ जग्गा वर्गीकरण र भु उपयोग नीतिलाई बैज्ञानिक रूपमा लागु गरी कृषियोग्य जमीनको संरक्षण र सदुपयोग गरिनेछ।
- ★ बाँदर, बँदेल लगायतका वन्यजन्तुबाट खेतिबाली जोगाउने गरी कानूनमा आवश्यक संशोधन गरिनेछ।
- ★ पशुपंक्षी तथा कृषि वालीको विशेषज्ञ सहितको आधुनिक प्रयोगशाला स्थापना गरिनेछ।
- ★ बिमा सहितको भण्डारण गर्ने गरी व्यवस्थीत रूपमा चिस्यान केन्द्र स्थापना तथ सञ्चालन गरिनेछ।

## ५) वन, वनपैदावर र जडिबुटी

- ★ वन र जडिबुटीलाई जनताको जीवनपद्धतिसंग जोड्दै जडिबुटी संरक्षण, व्यवसायीक खेती, संकलन, प्रशोधन र निर्यात प्रवर्धनका कामहरूलाई योजनावद्द रूपमा गरिनेछ। प्युठानमा अत्याधुनिक जडिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना गरिनेछ।
- ★ निजी, कबुलियती र सामुदायिक वनमा ओखर र टिमुरको व्यवसायीक खेती गरिनेछ।
- ★ अल्लो र भांग्रोको व्यवसायीक खेती र प्रशोधन केन्द्र स्थापना गरिनेछ।
- ★ गौमुखी नौबहिनी संरक्षित वन घोषणा गरी कार्यान्वयन गरिनेछ। उच्च पहाडी वनक्षेत्रमा कस्तुरी पालनको संभावना अध्ययन गरी कस्तुरी संरक्षणको कार्य गरिनेछ।
- ★ चिउरी, मौवा, कोदो, टिमुर, चुत्रा, आरूबखडा लगायतका वनपैदावर बाट स्थानीय प्रविधिमा आधारित रहेर उत्पादित मदिरालाई ब्रान्डीङ्ग गर्न कानूनी प्रबन्ध गर्ने पहल गरिनेछ।
- ★ औषधीय र औधोगिक प्रयोजनका लागि गाजाको व्यावसायीक खेतीका लागि कानूनी प्रबन्ध गर्ने पहल गरिनेछ
- ★ सामुदायिक वनलाई समुदायको आयआर्जनसंग जोड्न "एक सामुदायिक वन, एक उद्यम" कार्यक्रम सञ्चालन गरिनेछ।
- ★ वन सम्बन्धि विद्यमान ऐन कानूनहरूमा सुधार गरी वनसम्पदाको संरक्षण, सदुपयोग, जैविक विविधताको संरक्षण गरिनेछ।

## ६) पर्यटन, भाषा, धर्म र संस्कृति

- ★ स्वर्गद्वारीलाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रको रूपमा विकास गर्न गुरूयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

- ★ गौमुखी, नौबहिनी, भित्रीकोट, ऐरावती, उदयपुरकोट, झाकृस्थान, झाकृढुङ्गा, मल्लरानी, कोठिभिर, नाङ्गी, बाइसमुल झरना, झुलेनी, मात्रे, विजुलीकोट लगायतका महत्वपूर्ण पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार निर्माण र प्रवर्धन गरिनेछ।
- ★ प्युठान जिल्लाको पर्यटन प्रोफाइल तयार गरिनेछ।
- ★ इको टुरिजम, एग्रो टुरिजम, भिलेज टुरिजम, जल पर्यटनको विकास गरिनेछ।
- ★ बड्डाँडा सरूमारानी, मल्लरानी, कोठिभिर, नाङ्गी लगायतका ठाउँहरूलाई हिल स्टेसन र दृष्टि डेस्टिनेसनका रूपमा विकास गरिनेछ।
- ★ स्वर्गद्वारी–गौमुखी–ढोरपाटन, स्वर्गद्वारी–नौबहिनी–जलजला, स्वर्गद्वारी–मल्लरानी–सुपादेउराली–लुम्बिनी जोड्ने पर्यटन सर्किटको योजनावद्ध विकास गरिनेछ।
- ★ विभिन्न धार्मिक र सांस्कृतिक जात्रा पर्वहरूलाई स्थानीय विशेषता सहित प्रवर्द्धन गरिनेछ।
- ★ मगर, नेवार, गुरूङ, तामाङ लगायतका राष्ट्रिय भाषाहरूलाई संरक्षण गर्दै सम्बन्धित स्थानीय तहहरूसंगको समन्वयमा समुदायको मागअनुरूप मातृभाषामा पठनपाठनको लागि समन्वय गरिनेछ।
- ★ विभिन्न धर्मावलम्बीहरूसंग जोडिएका धार्मिक केन्द्रहरू जस्तै मठमन्दिर, गुम्बा, मस्जिद, चर्च आदिको संरक्षण र विकास गरिनेछ।

## ७) खानेपानी र सिंचाई

- ★ "एकघर एक खानेपानी धारा" को नीति अनुसार जिल्लाका प्रत्येक घरमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउन तीनैतहका सरकारको प्रभावकारी समन्वयमा काम गरिनेछ।
- ★ खानेपानीको मुहान र श्रोतहरूको संरक्षण गर्न दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।
- ★ झिमरूक, माडी, राप्ती नदी, लुङ्खोला, अरङ्खोला, गर्तङ्खोला, गनाहाखोला, छापेखोला लगायतका नदीप्रणालीहरूको अधिकतम उपयोग गर्दै सम्पूर्ण खेतीयोग्य जमीनहरूमा सिंचाई सुविधा पुऱ्याइनेछ।
- ★ लिफ्टिङ्ग तथा बोरिङ प्रविधिका सिंचाई आयोजनाहरूमा विद्युत महशुल निःशुल्क गर्न पहल गरिनेछ।

## ८) शहरी विकास

- ★ सदरमुकाम खलङ्गालाई पुरातात्विक, सांस्कृतिक र शैक्षिक शहरको रूपमा विकास गरिनेछ।
- ★ जिल्लाको प्रमुख व्यापारीक केन्द्र दम्ती–बाग्दुला-बिजुवार देखि दाखाक्वाडी सम्मको क्षेत्र र गोठिवाङ्ग देखि भिगृ सम्मको क्षेत्रलाई नमुना शहर (स्मार्ट सिटी) को रूपमा विकास गर्न दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ।
- ★ प्रत्येक स्थानीय तहका केन्द्रहरूमा स्थानीय विशेषता सहितको शहरी वस्ती विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

## ९) उर्जा र विद्युतीकरण

- ★ नौमुरे जलाशययुक्त विद्युत आयोजना निर्माण अगाडि बढाइनेछ।
- ★ लुम्बिनी प्रदेशकै महत्वपूर्ण नदीप्रणाली राप्ती र त्यसका सहायक नदीहरू झिमरूक, माडी, लुङ्खोलाका विभिन्न स्थानहरूमा जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरी PPP मोडलमा जलविद्युत आयोजनाहरू अगाडी बढाइनेछ। उक्त आयोजनाहरूमा जिल्लावासीलाई शेयरधनी बनाई आर्थिक उन्नतिको आधार तयार गरिनेछ।

- ★ जलसम्पदालाई आयश्रोत वृद्धि गर्ने विभिन्न क्रियाकलापहरूमा अधिकतम सदुपयोग गरिनेछ।
- ★ जिल्लाको प्रत्येक घरमा गुणस्तरीय केन्द्रीय प्रशारण लाइनको विद्युत पुऱ्याइनेछ। शहरी क्षेत्रहरूमा विद्युत प्रशारण लाइनलाई भुमिगत बनाइनेछ।

**१०) उद्योग तथा खनिज**

- ★ जिल्लामा रहेका चुनढुङ्गा खानी, स्लेट ढुङ्गा खानी, तामाखानी र फलामखानी लाई स्थानिय हितलाई मध्यनजर गर्दै उत्खनन र व्यवस्थित सञ्चालन गर्ने कानूनी, प्रक्रियागत र ब्यवस्थापकीय कामहरूको नीतिगत व्यवस्था गरिनेछ।
- ★ "एक पालिका एक उत्पादनमुलक उद्यम" कार्यक्रम लागू गरिनेछ।
- ★ घरेलु, साना तथा मझौला उद्योगहरूको व्यवस्थित सञ्चालनको वातावरण तयार गरिनेछ। उद्यमीहरूलाई प्रोत्साहन गर्न जिल्लामै उत्पादित वस्तुहरूको उपभोग गर्ने संस्कृति विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ★ जिल्लामा एउटा व्यवस्थित कोसेलीघर सञ्चालन गरिनेछ।

**११) सञ्चार र सूचना प्रविधि**

- ★ जिल्लाका ६४ वटै वडाहरूमा नेपाल टेलिकमको FTTH प्रविधि पुर्‍याउन द्रुतरूपमा काम गरिनेछ।
- ★ प्रत्येक वस्ती, सडक संजालहरूमा 4G नेटवर्कको पहुँच अनिवार्य पुर्‍याउन आवश्यक काम गरिनेछ।
- ★ जिल्लाका प्रमुख पर्यटकीय स्थल र महत्वपूर्ण सार्वजनिक स्थानहरूमा FREE WIFI विस्तार गरिनेछ।
- ★ व्यावसायीक प्रतिष्ठान, प्रशासनीक केन्द्र, सामुदायिक संरचना र सार्वजनिक महत्वका स्थानहरूमा CCTV जडान गरिनेछ।
- ★ हरेक पालिकाहरूमा सूचना प्रविधि सेवा केन्द्र स्थापना गरिनेछ।
- ★ सूचना प्रविधि क्षेत्रलाई युवा रोजगार/स्वरोजगार सँग जोड्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

**१२) जेनजी, युवा, खेलकुद र रोजगारी**

- ★ युवाहरूलाई दक्ष, स्वावलम्बी र सीपयुक्त बनाउन सीपमुलक तालिम केन्द्र (Skill Academy) स्थापना गरी "युवा जनशक्ति सीपयुक्त जनशक्ति" को अवधारणामा कार्यक्रम सञ्चालन गरिनेछ।
- ★ सुशासनको लागि र भ्रष्टाचार नियन्त्रणको लागि भएको जेनजी विद्रोहको भावनालाई कदर गर्दै जेनजी युवाहरूलाई राज्यसञ्चालन प्रक्रियाहरूमा सहभागी बनाउन सशक्तीकरण, नेतृत्व विकास, सीपविकास र मुलप्रबाहिकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ★ जेनजी युवाहरूलाई रोजगारमुलक र प्राविधिक उच्च शिक्षामा आकर्षक गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ★ वैदेशिक रोजगारमा रहेका युवाहरूको ज्ञान, सीप, अनुभव र पुँजीलाई रोजगारी स्वरोजगारीमा सदुपयोग गर्न आवश्यक वातावरण र नीतिगत व्यवस्था गरी "रिटर्नी उद्यमशिलता" कार्यक्रम सञ्चालन गरिनेछ।
- ★ बिजुवारमा रहेको गणतान्त्रिक खेलमैदानलाई जिल्ला स्तरीय रङ्गशाला र दियाल्ना खेलमैदानलाई लुम्बिनी प्रदेशकै हाइ अल्टिच्युड रङ्गशालाको रूपमा विकास गरिनेछ।

- ★ विद्यालय नै राष्ट्रिय अन्तरास्ट्रिय खेलाडी उत्पादनको आधार विन्दु भन्ने मान्यताका साथ खेलप्रतिभा पहिचान, प्रशिक्षण र वृत्तिविकासका उपयुक्त योजना बनाइ कार्यान्वयन गरिनेछ।
- ★ खेलाडीहरूलाई खेलक्षेत्रमै टिकाइरहन जीवनवृत्तिका उपयुक्त नीतिगत व्यवस्था र कार्यक्रमहरू तय गरिनेछ।
- ★ प्युठान जिल्लामा भलिबल र कबड्डीको प्रशिक्षण केन्द्र स्थापना गरिनेछ।
- ★ खेलाडी परिचयपत्र, खेलाडी बिमा, खेलाडी स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्ने पहल गरिनेछ।
- ★ परम्परागत ज्ञान सीपमा आधारीत पेशा व्यवसायहरूको संरक्षण, वर्गिकरण तथा स्तरीकरण, व्यवसायीकरण, विविधीकरण, आधुनिकीकरण गर्ने नीति निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## १३) भु-संरक्षण र विपद् व्यवस्थापन

- ★ बाढी, पहिरो, भू-क्षय, चट्याङ जस्ता विपद्बाट नागरिकलाई सुरक्षीत गर्न विपद् पुर्वतयारी एवं जोखिम मुल्यांकन अध्ययन गरी पहिरो नियन्त्रण, तटबन्ध, चट्याङ प्रतिरोधी डिभाइस लाइटिङ्ग एरिस्टोर राख्ने जस्ता कामहरू गरिनेछ।
- ★ झिमरूक र अन्य नदीहरूले गर्ने खेतीयोग्य जमीन कटान रोक्न बृहत नदी नियन्त्रण गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

## १४) सामाजिक न्याय

- ★ दलित, आदिवासी जनजाति, महिला, अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक, अल्पसंख्यक, अति विपन्न, सीमान्तकृत समुदायको सशक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ★ जिल्लामा बसोबास गर्ने कुसुण्डा समुदायको संरक्षण र मुलप्रबाहिकरणका लागि विशेष कार्यक्रमहरू लागू गरिनेछ।
- ★ सरङ्गकोटलाई गन्दर्भ संस्कृतिको केन्द्रको रूपमा विकास गरिनेछ।
- ★ शहिद परिवार, वेपत्ता, घाइते योद्धा र द्वन्द्व पिडितहरूको आयआर्जन र शसक्तिकरण सम्बन्धि कार्यत्रम सञ्चालन गरिनेछ।
- ★ दलित र महिलाहरूको राजनीतिक सार्वजनिक र पेशागत क्षेत्रमा विशेष संरक्षणमुखि नीति लागू गरिनेछ।
- ★ विद्यालय शिक्षा पुरा नगरेका महिला, दलित र आर्थिक स्र्पमा विपन्नहरूलाई व्यवसायीक शिक्षा र तालिमको व्यवस्था गरी स्वरोजगार र आत्मनिर्भर बनाइनेछ।

## १५) सुशासन र भ्रष्ट्राचार नियन्त्रण

- ★ भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती विरूद्ध जनस्तरबाट खबरदारी, निगरानी, नियमन एवं नियन्त्रण गर्न सचेतना कार्यक्रम र संयन्त्र सञ्चालन गरिनेछ।
- ★ सेवाप्रबाहलाई चुस्तदुरूस्त, पारदर्शी र जवाफदेही बनाउन सार्वजनिक निकायहरूमा मुहार रहित, कागज रहित र नगद रहित सेवाप्रबाह सम्बन्धि नीतिगत व्यवस्था तयार गरी कार्यान्वयन गरिनेछ।
- ★ सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम गर्न आधुनिक कर्मचारी प्रशासन बनाइनेछ। साथै इगभर्नेन्स नीति अख्तियार गरिनेछ।

★ जेन्जी आन्दोलनको भावना बमोजिम सबै तहका सरकार र सार्वजनिक संस्थाहरूमा नागरिकमैत्री, जनउत्तरदायी, छिटोछरितो र परिणाममुखी सेवा प्रवाह गर्न उपयुक्त कानूनी व्यवस्था र संरचनाहरू निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**प्युठानी आमाबुबा, दिदीबहिनी, दाजुभाइ !**
**फाल्गुन २१ मा मतदान गरौं तारालाई !!**

## २०८२ साल फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्युठानका मतदाताले यसरी भोट हालौं

**१) पहिलो मतपत्रः प्रत्यक्ष तर्फ (उम्मेदवार कृष्ण ध्वज खड्कालाई)**
**(सेतो कागजमा रातो रंगको मसिले छापिएको)**



**२) दोस्रो मतपत्रः समानुपातिक तर्फ (उम्मेदवार उमा कुमारी शर्मा लाई)**
**(सेतो कागजमा कालो रंगको मसिले छापिएको)**



नेपाली कम्युनिस्ट पार्टी, प्रतिनिधिसभा निर्वाचन परिचालन समिति, प्युठान